# नेपाल गजेट

नेपाल सरकारद्वारा प्रकाशित

काठमाडौं पौष १ गते ०८ साल

## भाग ४

## खाद्य भूमिव्यवस्था—मन्त्रालयको विज्ञप्ति

४।६।०८

२००४ सालमा बाँके बर्दिया जिल्लामा नापीबाट जुन जमीन रैतीका नाममा नम्बरी दर्ता गरिदिएको छ, त्यसको अझै पनि धेरै रैतीहरूले बटैया बुझाउँदै गर्नुपरेको छ भन्ने सुनिएको र रैतीहरूको डेलिगेशनबाट उजुरीसमेत परेकोले यस विषय केन्द्रबाट १ जाँच कमिशन चाँडो खटिई आउने भएको छ र जिल्लामा आई यो कमिशनले भएका नाप ठहरबमोजिम निर्णय नगरेसम्म र अर्को आदेश यस बारे नआएसम्मलाई ०४ सालमा त्यस बर्दिया जिल्लामा नापीबाट जुन जमीन रैतीका नाममा नापी पुर्जी दी नम्बरी दर्ता गरिदिएको छ, त्यस्ता जमीनका दर्तावाल रैती किसानको यो ०८ सालको बटैया बुझाउने काम चाँडो टाँस पुर्जी उर्दी गोस्वाराबाट गरी स्थगित गर्ने आदेश बाँके बर्दिया गोस्वारामा गएको छ।

गोरखापत्र छापाखानाबाट प्रकाशित

आधिकारिकता मुद्रण विभागबाट प्रमाणित गरिएपछि मात्र लागु हुनेछ।